देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
५ नं. प्रदेश,नेपाल

प.सं. २०७५/०७६
च.नं. मिति:

**प्रेस विज्ञप्ती**

विगत केही दिन देखि देवदह नगरपालिकाको खर्च सम्वन्धमा सार्वजनिक स्थलमा तथा सामाजिक सञ्जालमा आएका अभिव्यक्तिका सन्दर्भमा यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

'कृषि,पर्यटन र पुर्वाधार समृद्ध देवदहको आधार' भन्ने मुल नाराकासाथ जनताको सेवा र विकासमा नगरपालिका समर्पित रहेको छ । यस नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को वजेट खर्च सम्वन्धमा महालेखा परीक्षकको वार्षिक लेखापरिक्षण प्रतिवेदन २०७५ को सन्दर्भ लिदै स्वघोषित सामाजिक अभियान्ता ज्ञानेन्द्र शाहीले वुटवलमा व्यक्त गरेको टिप्पणी भ्रमपुर्ण र तथ्यहीन रहेको तथा यस नगरपालिकाका निर्वाचित पदाधिकारीहरु र कर्मचारीहरुको सामाजिक छवि धुमिल्याउने गरी आएको छ । निजले गरेको टिप्पणी आधारहिन रहेको सम्वन्धमा देहायका विषयहरु यहाँहरुका वीचमा राख्न चाहन्छौं ।

- महालेखा परीक्षकको प्रतिवेदनको पृष्ण नं. २३ मा उल्लेखित अन्य खर्चको २० करोड ८३ लाख ७२ हजार शीर्षकलाई अतिरञ्जित र मनोगत ढंगले परिभाषित गरी मोजमस्ति खर्चका रुपमा व्याख्या गरेको पाइयो ।
- महालेखा परीक्षकको प्रतिवेदनको पृष्ठ संख्या २३ मा उल्लेखित अन्य खर्चको विस्तृत विवरण प्रतिवेदनको पृष्ठ संख्या १ मा उल्लेखित छ । उक्त रकम तपसिल वमोजिम रहेको छ ।
  - सामाजिक सुरक्षा कार्यक्रम ६,५२,०८,३२५/-
  - LGCDP कार्यक्रम चालु र पुँजीगत ३१,७३,०००/-
  - पशु सेवा कार्यक्रम ४२,००,४२३/-
  - कृषि विकास कार्यक्रम २३,९३,९४५/-
  - स्वास्थ्य कार्यक्रम २,१४,५२,९३६/-
  - शिक्षा विकास कार्यक्रम १०,७०,५५,४७४/- (शिक्षकको तलव भत्ता,विद्यालय व्यवस्थापन खर्च निशुल्क पाठ्यपुस्तक र वालवालिकाको छात्रवृत्ति एवं विद्यालय सञ्चालन अनुदान आदी)
  - महिला विकास कार्यक्रम ८,७१,४००/-
  - सडक वोर्ड कार्यक्रम ४०,१६,८६५/-

  जम्मा २० करोड ८३ लाख ७२ हजार तिन सय अठसठ्ठी
- माथी उल्लेख गरिएका सवै कार्यक्रमहरु नेपाल सरकार को शशर्त अनुदान अन्तरगत संचालित विषयगत शाखा/कार्यक्रममा भएको खर्चको विवरण हो ।

सामाजिक सञ्जाल र सार्वजनिक सभामा गरिएका उपरोक्त टिप्पणीहरु नगरपालिकाको यथार्थ वस्तुस्थिती नवुझी सतही र भ्रमपुर्ण छन् । नगरपालिकाको वजेट तथा खर्च प्रकृया प्रचलित कानुनको परिधिभित्र रहि वस्तीस्तरवाट माग संकलन गरी, वडास्तरीय योजना छनौट प्रकृया हुँदै कार्यपालिका र नगरसभावाट स्वीकृत भई प्रचलित ऐन,नियम र कार्यविधि को प्रकृया अनुसार खर्च गर्न परिपाटी रहेको छ । नगरपालिकाको आम्दानी,खर्च,योजना सवै समावेश भएको नीति,वजेट तथा कार्यक्रम सम्वन्धी पुस्तकमा समेत प्रकाशित भएको सवैमा विदितै छ । यसका अलावा आम्दानी खर्चका विवरणहरु वेलावेलामा विभिन्न माध्यमवाट सार्वजनिक गरिदै आएको छ । निज ज्ञानेन्द्र शाहीले भनेको जस्तो गरी मोजमस्ति जस्ता विषयमा खर्च गर्न सम्भावना नै छैन र भएको पनि होइन भन्ने विषय आम नगरवासी जनसमुदाय,संचारकर्मी मित्रहरु लगायत सवै सरोकारवालामा विनम्रतापुर्वक जानकारी गराउँदछौ । ज्ञानेन्द्र शाही ले आमने सामने भई वहस र पुष्टी गर्न अभिव्यक्ति दिएकोमा उक्त रकम मोजमस्तिमा खर्च भएको पुष्टी गर्न चुनौती दिन चाहन्छौ । साथै समाजमा जननिर्वाचित प्रतिनिधी विरुद्ध भ्रम फैलाई निजी,सामाजिक र राजनितिक जिवनमा आँच पुयाउने तथा अविश्वासको वातावरण श्रृजना गर्न गराउने कार्य विरुद्ध नगरपालिकाले कानुनी उपचार समेत खोज्नेछ ।

देवदह नगरपालिकाको वेरुजुका सम्वन्धमा संक्षिप्त जानकारी यसप्रकार रहेको छ ।

यस वर्ष कायम भएको बेरुजु जम्मा २,११,५५,०००/- रहेको छ ,सो मध्येः

१.असुल गर्नुपर्न वेरुजुः ६९लाख २ हजार

# देवदह नगरपालीका

## लेखापरीक्षण प्रतिवेदन

## २०७४।७५

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सन्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ५नं प्रदेशमा अवस्थित यो नगरपालिका अर्न्तगत १२ वडा रहेको ६५ सभा सदस्य १३६.९५ व.की.मी. क्षेत्रफल, ५३,५२३ जनसंख्या रहेको छ ।

**संचितकोषः** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

| सि नं | आय विवरण | | सि.नं | खर्च विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|
| | शिर्षक | रकम रु | | शिर्षक | रकम रु | |
| १ | गत वर्षको वैङ्क अल्या | ३९०११०००।०० | १ | ग २.१ चालु खर्च | ४४६६६३५४।८० | |
| २ | गत वर्षको नगद अल्या | ०।०० | २ | ग २.२ पुजिगत खर्च | २१२६५०४४२।४८ | |
| ३ | नेपाल सरकार चालु अनुदान | १३०१६१०००।०० | ३ | सामाजिक सुरक्षा कार्यक्रम | ६५२०८३२५।०० | |
| ४ | नेपाल सरकार पूजिगत अनुदान | २५३५१२०००।०० | ४ | LGCDP कार्यक्रम चालु खर्च | २५७३०००।०० | |
| ५ | सामाजिक सुरक्षा अनुदान | ६५२०८३२५।०० | ४ | LGCDP कार्यक्रम पूजिगत खर्च | ६०००००।०० | |
| ६ | LGCDP कार्यक्रम चालु अनुदान | २५७३०००।०० | ५ | पशु सेवा कार्यक्रम | ४२००४२३।०० | |
| ७ | LGCDP कार्यक्रम पूजिगत अनुदान | ६०००००।०० | ६ | कृषि विकास कार्यक्रम | २३९३९४५।०० | |
| ८ | नगद सहभागिता जनश्रमदान | १७२८५०७।०० | ७ | स्वास्थ्य कार्यक्रम | २१४५२९३६।३५ | |
| ९ | आन्तरीक आम्दानी | २९८१८१६८।०० | ८ | शिक्षा कार्यक्रम | १०७०५५४७४।०० | |
| | | | ९ | महिला विकास कार्यक्रम | ८७१४००।०० | |
| | | | १० | सडक बोर्ड कार्यक्रम | ४०१६८६५।६६ | |
| | | | ११ | ग ४ १ खाता बैक मौज्दात | ५६९२२८३३।५३ | |
| | जम्मा आय | ५२२६१२०००।०० | | जम्मा खर्च | ५२२६१२०००।०० | |

**धरौटी**

| | | | |
|---|---|---|---|
| गत आ.व को अल्या गरेको धरौटी | १२३६८३०।६८ | धरौटी खाता बाट फिर्ता | २१००००।०० |
| चालु आ.व को धरौटी आम्दानी | ७६६६२५।०० | ग ३ १ धरौटी खाता बैक मौज्दात | १७९३४५५।६८ |
| जम्मा | २००३४५५।६८ | जम्मा | २००३४५५।६८ |

**कर्मचारी कल्याण कोष**

| | | | | |
|---|---|---|---|---|
| १ | चालु आ.व.मा आम्दानी गरेको रकम | ६२५००० | कर्मचारी कल्याण कोष खातामा मौज्दात | ६२५००० |
| | जम्मा | ६२५००० | जम्मा | ६२५००० |

**वाल कल्याण कोष**

| | | | | |
|---|---|---|---|---|
| १ | चालु आ.व.मा आम्दानी गरेको रकम | २०००००.०० | कर्मचारी कल्याण कोष खातामा मौज्दात | २०००००.०० |
| | जम्मा | २०००००.०० | जम्मा | २०००००.०० |

अनुसूची- १

# देवदह नगरपालीकाको वेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक वेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी वेरुजू | | | बाँकी वेरुजू | | | | | | | पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | | | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा | |
| १. | रुपन्देही | श्री देवदह नगरपालिका, | ३२ | २८ | २१५१७ | ० | १ | ३६२ | ३२ | २७ | २११५५ | ६९०२ | ६७५२ | ५४२८ | ० | ० | १९०८२ | | २०७३ | २०७३ | |

अनुसूची- २

# सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | श्री देवदह नगरपालिका, | रुपन्देही | ३९०११ | ३८३६७३ | ९५२१८ | ४७१० | ४८३६०१ | ४४६६६ | २१२६५१ | २०८३७२ | ४६५६८९ | ५६९२३ |